नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असोज/कात्तिक २०७० (October 2013) वर्ष १७/अङ्क १९९

## "आत्मिकी एकताद्वारा ख्रीष्टलाई उचालौं"

– पाष्टर प्रेम श्रेष्ठ

परमप्रभु परमेश्वरले हामीलाई त्यो खुसी र आनन्द दिनु भएको छ जसको कुनै मापन छैन, जुन नापले हामी नाप्न सक्छौं मेरो विचारमा म संसारको सबैभन्दा खुसी र आनन्दित व्यक्ति हुँ जस्तो लाग्छ र साना-तिना, झिना-मसिना कुराहरूले मेरो खुसी आनन्द खोसेर लैजान सक्दैन । तर प्रश्न चाहिँ यो हो कि आज परमेश्वर जब हामी तिर फर्केर हेर्नुहुन्छ के हाम्रो जीवन देखेर उहाँ खुसी हुनुहुन्छ ? परमेश्वरलाई हाम्रो राम्र-राम्रा योजनाले, कार्यक्रमले, हाम्रो कडा परिश्रमले वा मण्डलीको संख्या वा भवनको सुन्दरताले आनन्द दिँदैन तर हाम्रो आत्मिकी एकताले उहाँलाई आनन्द दिन्छ। कारण येशूले यसैको निम्ति अहिले पनि हाम्रो लागि परमेश्वरसँग अन्तरविन्ती गरिराख्नुभएको छ ताकि हामी सबै उहाँको छोरा-छोरीहरूमा आत्मिकी एकता रहोस् (यूहन्ना १७:२०-२३)। साथै हामीले आशिष प्राप्त गर्न अरुलाई आफू भन्दा श्रेष्ठ ठान्नु अति जरुरी छ। (१ पत्रुस ३:८-१०) हामी हरेकलाई येशू प्रभुले जिम्मा लगाउनु भएको कामहरू यस प्रकार छन्। जस्तैः

- **अँध्यारोबाट उज्यालोमा ल्याउनु**
- **छरपष्टबाट ख्रीष्टमा एक बनाउनु**
- **श्रापबाट आशिषमा ल्याउनु**
- **शैतानको बन्धनबाट स्वतन्त्र गराउनु**

यी काम पुरा गर्नलाई संसारका मानिसहरूलेझैं कथित एकताको भाषणले वा सुगा रटानले मात्र हुनेवाला केही छैन र असम्भव प्रायः नै छ। आजको मण्डलीमा पनि हामी अनेकतामा एकता खोज्न विभिन्न प्रार्थनासभा, प्रवचन, नयाँ-नयाँ योजनाहरू नभएका होइनन् तर हामी प्रभुको वचन अरुको लागि प्रचार गर्दछौं तर आफ्नो लागि प्रचार गर्दा रहेनछौं र अरुले पालन गरोस् भन्छौं तर आफै चाहिँ नि ? २ कोरिन्थी २:१४-१६ मा लेखिएको छ कि हामीहरू बाँचेका र मरिरहेकाहरूका बीचमा ख्रीष्टका सुबास्नाहरू हौं र बाइबलले हामीलाई सुबास्ना, सुकर्म र अशल जीवन जिउनका लागि अभिप्रेरित गरिरहेछ। आज हामीले आफूलाई ख्रीष्टको वचनको कसिमा जाँचेर हेर्नु अति जरुरी छ। साथै हामी यी माथिका उपदेशहरू पुरा गर्नलाई हाम्रो लक्ष्य एक हेर्नु पर्दछ। ख्रीष्टलाई प्रेम गर्ने, आज्ञापालन गर्ने र अनुशासित जीवन जियाईको खाँचो छ।

ख्रीष्ट येशूले हामीलाई छोडी जानु भएको महान अभियान पूरा गर्नलाई अरु श्रोत पनि चाहिन्छ तर सबैभन्दा मुख्य चाहिँ हाम्रो आत्मिकी एकता अति आवश्यक छ। झण्डै ५० वर्ष अघि संयुक्त राज्य अमेरीकाको लिङ्कन मेमोरियल (Lingcon Memorial) बाट मार्टिन लुथर किङ्ग जुनियरले (Martin Luther King Jr.) गरेको भाषण, जसलाई Dream Spech पनि भनिन्छ, उनले भनेका थिए " I have a dream that walk together" जुन चाहिँ काला जाति र गोरा जातिको विचामा भएको दुरीलाई कम गर्दै, सँगै हिड्नु पर्छ भनेको थियो र आज ५० वर्ष पछि आएर काला वर्णका Barak Obama त्यस देशका राष्ट्रपति भएर सबैलाई समान व्यवहार गर्ने कुरामा अभिछिन्न लागि परेका छन्। यदि हामी सधैं ख्रीष्टमा आत्मिकी एकता कायम गर्दै अघि बढचौं भने हाम्रो घर-घराना, टोल, गाउँ, शहरका मानिसहरूलाई प्रभु चिनाउने अभियानमा हामीलाई पवित्र आत्मा परमेश्वरले विजय दिनु हुन्छ। एकताको लागि हामीले मूल्य चुकाउनु पर्छ। फिलिप्पी २:१ मा ४ वटा कुराहरू छन् जसले हामीलाई एक भएर बस्न मद्दत पुऱ्याउँछ।

१) **एक अर्कालाई उत्साह दिएर** (Paraklesis): १ कोरिन्थी १०:२४, ३३
यो क्षेत्रमा हामीले मुल्य चुकाउनु पर्दछ भन्ने मेरो मान्यता छ। कतिवटा कुरा मलाई मन पर्दैन होला तर मेरो झुण्डको खातिर म अरुलाई आफूभन्दा श्रेष्ठ ठानेर सहन सकूँ भनेर प्रार्थना गरीरहेछु र गर्नु पर्दछ।

२) **एक अर्का प्रतिको अगापे प्रेमलेः १ कोरिन्थी १२:१, यूहन्न १३:३४**
यो हाम्रो नारा होइन तर व्यवहारमा उतार्नु जरुरी छ र यसैको निम्ति प्रभुले हामीलाई उहाँको प्रेम अलि अलि दिनु भएको मात्र होइन तर पुरा नै खन्याई दिनु भएको छ। ताकि हामी पनि अरु प्रति खन्याउन सकौं। रोमी ५:५

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| असोज २६ गते<br>अक्टोबर १२ ता. | डीकन<br>घनश्याम दाहाल | श्री<br>सरुषमान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | पाष्टर<br>बर्णवास श्रेष्ठ | पाष्टर<br>दफ्तन सादा | डीकन<br>रुद्र राई | एल्डर<br>सिता गुरुङ्ग |
| कात्तिक २ गते<br>अक्टोबर १९ ता. | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>अर्जुन ढकाल | श्री<br>अन्जान घले | डीकन<br>घनश्याम दाहाल | श्री<br>श्रीराम सुर्खेती | डीकन<br>गोपाल शर्मा |
| कात्तिक ९ गते<br>अक्टोबर २६ ता. | डीकन<br>सिमोन पाठक | श्री<br>शिद्धि खालिङ | डीकन<br>सुरेश पुरकोटी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रुबेन श्रेष्ठ | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| कात्तिक १६ गते<br>नोभेम्बर २ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>राजु तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. दफ्तन सादा<br>पा. राजेन्द्र रोंगोंग | श्री<br>प्रेम ब. ठकुरी | पाष्टर<br>बी. बी. खवास | एल्डर<br>सिमोन खालिङ |

३) **एक अर्का प्रतिको संगतिले** (Koinonia):
मण्डलीले आज हामीलाई चाहिने संगति जस्तैः आराधना, पुरुष, महिला, जवान, बाल, घरेलु संगति साथै अरु खालका संगति राखी दिएको छ । जहाँबाट आत्मिकी लाभ प्राप्त गर्न सक्छौं कुनै प्रमुख व्यक्ति गएको ठाउँमा म जान्न भन्ने कुरामा मेरा सहमती छैन किनकि खीष्ट एउटै हुनुहुन्छ जसको शरीरका हामी विभिन्न अङ्गहरू हौं । १ कोरिन्थी १२:१३, २७ हाम्रो विचार अलग भए पनि खीष्टमा हामी एकै हुन सक्छौं र उहाँका आत्माले हामीलाई कायल पारी पगाल्नु हुन्छ र हामी जल्दो बल्दो भएर जिउन सक्छौं । जब संगतिमा रहन्छौं हामीमा उहाँले नै एउटै विचार हाली दिनुहुन्छ ।

४) **एक अर्का प्रतिको दया र क्षमाले** (Oikirmos):
गलाती ६:२ खीष्टले हामीलाई टिठाउनु भएको कारण हामी यहाँ छौं, उहाँले क्षमा गर्नुभएको कारणले आज हामी उहाँमा छौं । यो हामीले कमाएको होइनौ, सित्तैमा पाएको यत्रो ठूलो उद्धारलाई हामी बाँड्न कति कन्जुसी गर्छौं; त्यसो नहोस्, जब हामी एक-अर्काको भार उठाउनलाई सहायता गर्छौं, दया देखाउँछौं र एकार्कालाई क्षमा गर्छौं, हामीमा एकता आउँदछ । आखिर मान्छे त हो पग्लिहाल्छ नि ! प्रभु गरुन् हामी सबै जनालाई खीष्टले सुम्पनु भएको परमेश्वरको राज्य विस्तारको काम गर्न र यस महान अभियान सफल पार्न आत्मिकी एकता कायम गरी अघि बढ्न सकौं । १ कोरिन्थी १:१०, एफिसी ४:३ । आज पनि येशू प्रभु पिताको दाहिने हात पट्टि विराजमान भएर हामीलाई हेरिराख्नु भएको मात्र छैन, तर हाम्रो लागि पितासँग अन्तरविन्ती पनि गरी राख्नुभएको छ । ताकि हामी उहाँका शरीर एक भएर उहाँको काम पूरा गरी पितालाई महिमा दिन सकौं र खीष्टसँगै यो प्रार्थना गर्न सकौं -यूहन्ना १७:४ ।   आमेन ! आमेन !! आमेन !!!

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबु, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| असोज २६ गते अक्टोबर १२ ता. | पाष्टर महेश थान्जू | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | पाष्टर एल.पी. न्यौपाने | संयुक्त सेवा गोंगबूँ चर्च | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर धन ब. तामाङ्ग |
| कात्तिक २ गते अक्टोबर १९ ता. | पाष्टर महेश थान्जू | संयुक्त सेवा – जोरपाटी चर्च | | | एल्डर बी. एन. पण्डित | सुश्री रञ्जना ढुङ्गेल | सुश्री बिना गुरुङ्ग | डीकन बेन्जामिन तामाङ्ग |
| कात्तिक ९ गते अक्टोबर २६ ता. | श्री पासाङ तामाङ्ग | डीकन राममाया नगरकोटी | डीकन रबि श्रेष्ठ | सुश्री दिल कुमारी | डीकन अर्जुन ढकाल | डीकनेस् अमृता कार्थक | सुश्री सुमित्रा गुरुङ्ग | डीकन हनोक तामाङ्ग |
| कात्तिक १६ गते नोभेम्बर २ ता. | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | एल्डर गोपी राई | पाष्टर महेश थान्जू | पाष्टर एल.पी. न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | श्रीमती शान्ति तामाङ्ग | डीकनेस् आशा तामाङ्ग |

## जानकारी



भदौ ३० गते/सेप्टेम्बर १५ ता. आइतबार नेइम ललितपुर मण्डलीको सदस्य श्री रोशन खतिवडा र इम्मानुएल चर्च पेत्कु सिन्धुपाल्चोककी सदस्या सुश्री सुनिता खड्काको इम्मानुएल चर्च पेत्कुमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती रोशन/सुनिता खतिवडालाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भदौ २४ गते/सेप्टेम्बर ९ ता. सोमबार नेइम पनौती मण्डलीकी सदस्या सुश्री आशा श्रेष्ठ र अनन्त शालोम मण्डली ललितपुरको सदस्य श्री शिब महर्जनको नेपाली इसाई मण्डली पनौतीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती शिब/आशा महर्जनलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

१) भादौ २५ सेप्टेम्बर १० ता. मंगलबार नेइम सिर्जनानगर मण्डलीका ९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२) असोज १२ गते/सेप्टेम्बर २८ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीका ५९ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।



नेइम नगरकोट मण्डलीको सदस्य श्री नुच्छे बहादुर नगरकोटी ८५ वर्षको उमेरमा भाद्र ३० गते/सेप्टेम्बर १५ ता. आइतबार प्रभुमा सुत्नुभयो ।



नेइम ललितपुर मण्डलीको सदस्या श्रीमती नारायण देवी (नाओमी) दुवालको ४५ वर्षको उमेरमा भाद्र २८ गते/सेप्टेम्बर १३ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।

## सूचना

**असोज २७ र २८ गते/अक्टोबर १३ र १४ आइतबार र सोमबार सरद सम्मेलन आ-आफ्नो मण्डलीमा**

**कात्तिक १७ गते/नोभेम्बर ३ ता. आइतबार नेइम कार्यकरिणीको बैठक नेइम लालितपुर मण्डलीमा**

**कात्तिक १७-१९ गते/नोभेम्बर ३-५ ता. आइतबार-मंगलबार अगापे युवा सम्मेलन नेइम ज्ञानेश्वर मण्डलीमा**

**कात्तिक १९ गते/नोभेम्बर ५ ता. मंगलबार नेइम पुरुष रिट्रिट विहान १० बजे देखि दिउँसो ३ बजेसम्म नेइम ललितपुर मण्डलीमा**

### प्रार्थनाका विषयहरू

१) अदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबा असोज २४-२६/अक्टोबर १०-१२ बिहीबार-शनिबारसम्म स्वपालित बम चर्च कालिमपोङमा हुने सम्मेलनमा वचनको सेवकाईको लागि जाँदै हुनुहुन्छ, यात्रा तथा सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

२) चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

३) सरद् सम्मेलनको समयमा विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सभाहरूको लागि प्रार्थना गरिदिऔं ।

४) सरद् सम्मेलनको समयमा शाखा तथा आवद्ध मण्डलीहरूमा सेवाकाईको लागि जानुहुनेहरूको यात्रा अनि सेवाकाईको लागि प्रार्थना गरिदिऔं ।

५) मंसिर महिनामा हुन गइरहेको संविधान सभाको चुनाव शान्तिपूर्ण वातावरणमा हुन सकोस् भनी प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| | २० 6 | २७ 13 | ३ 20 | १० 27 |
| **आइतबार**<br>**Sunday** | विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | आज र भोलि हुने शरद सम्मेलनमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ५५:११** | नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकोस् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-८** | शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** |
| | २१ 7 | २८ 14 | ४ 21 | ११ 28 |
| **सोमबार**<br>**Monday** | हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | अधुरो घर-घरानामा रहेकाहरू साथै यस वर्ष प्रभुलाई ग्रहण गरेका र पानीको बप्तिस्मा लिनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यूहन्ना १५:१८-१९, १६:३३** | प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्का-उनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**मत्ती २८:१८-२०** | प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**१ थेसलोनिकी ५:१६-१८** |
| | २२ 8 | २९ 15 | ५ 22 | १२ 29 |
| **मंगलबार**<br>**Tuesday** | सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**फिलिप्पी २:१३** | मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>**यशैया ३५:३-७,१०** | सबै विश्वासीहरूको जीवनका सबै क्षेत्रमा परमेश्वरबाटको अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकून् ।<br>**फिलिप्पी २:१२-१७** | हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**यहून्ना १०:२७-३०** |
| | २३ 9 | ३० 16 | ६ 23 | १३ 30 |
| **बुधबार**<br>**Wednesday** | घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ पत्रुस ५:२-४** | हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिष्को कारण बन्न सकौं ।<br>**१ थेसलोनिकी ५:११** | बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको असल साक्षी भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**फिलिप्पी २:१५-१६** | परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका शक्तिको विरूद्धमा प्रार्थना गरौं ।<br>**२ कोरिन्थी १०:३-५** |
| | २४ 10 | ३१ 17 | ७ 24 | १४ 31 |
| **बिहीबार**<br>**Thursday** | शाखा तथा आबद्ध मण्डलीमा सेवाकाईको लागि जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यूहन्ना १५:१६, एफिसी ६:१९** | सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**भजन १२७:३, उत्पत्ति १७:१-८** | सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** | अगापे युवा सम्मेलन को लागि प्रार्थना गरिदिऔं ।<br>**१ तिमोथी ६:११-१४** |
| | २५ 11 | १ कात्तिक 18 | ८ 25 | १५ November 1 |
| **शुक्रबार**<br>**Friday** | प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वा-सीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**हिब्रू १२:१-३, १ पत्रुस २:१९-२५** | आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह १२२:१-४, २६:८** | मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| | २६ 12 | २ 19 | ९ 26 | १६ 2 |
| **शनिबार**<br>**Saturday** | कारागारमा भइरहेको संगतिद्वारा अझ धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**प्रेरित १६:२५-३१** | झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना १६:१३-१५** | अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** | विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** |